कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## (कृषि विकास शाखा)

जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६

प.सं.: ०८०/८१
सूचना नं. १७/०८०/८१ (कृषि विकास शाखा)

## ५० प्रतिशत अनुदानमा धानको उन्नत बिउ वितरण गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०८०/१२/१४

यस कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाको चालु आ.व. ०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"धानको उन्नत बिउ उपयोगमा ५०% अनुदान कार्यक्रम"** मार्फत धानको उन्नत बिउ ५० प्रतिशत अनुदानमा वितरण गरिने भएको हुँदा मिति २०८०/१२/१४ गतेको सूचना (सूचना नं.०१७/०८०/०८१) अनुसार बिउ माग गरि सो बमोजिमको बिउको परल मूल्यको ५० प्रतिशत अनुदानमा धान खेती गर्ने कृषक, कृषक समुह तथा कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १७ (सत्र) दिन (मिति:२०८०/१२/३० गते) कार्यालय समय भित्र देहायका कागजातहरु सहित तपसिल बमोजिमको जात तथा मूल्य तोकीएको हुदा माग आवेदन पेश गर्नुहुन सरोकारवाला सम्पूर्णमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

सागर मिश्र
प्रमुख प्रशासकिय अधिकृत

तपसिल

| सि.न | बिउ विवरण | जात | बिउको परिमाण | इकाई | प्रति के.जी मूल्य | कृषकले ब्यहोर्ने मूल्य | कार्यालयले ब्यहोर्ने मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | धान | खुमल ४ | ३५०० | के.जी | ११० | ५५ | ५५ | |
| २ | | खुमल १० | २००० | के.जी | | | | |
| ३ | | खुमल ११ | १५०० | के.जी | | | | |
| ४ | | खुमल १६ | २००० | के.जी | | | | |

बिउ माग गर्न आउनुहने कृषकहरुले साथमा लिएर आउनुपर्ने कागजातहरु:-

- माग गरेको धानको बिउ परिमाण सँग मेल खाने लालपूर्जाको प्रतिलिपि ।
- नगरपालिकाबाट जारी भएको सक्कलै किसान कार्ड ।
- समुह तथा सहकारीका लागी वडा कार्यालयको सिफारिस ।
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

❖ द्रष्टव्य :- थप जानकारीको लागि कागेश्वरी मनोहरा नगरपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।